नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

शाखा कार्यालय हेटौंडा, मकवानपुर

पत्र संख्याः- ०८२/८३
च.नं.:

## अपील

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको परीक्षा तालिका बमोजिम मिति २०८३ बैशाख १४ देखि ऐ. २७ सम्म सञ्चालन हुने कक्षा १२ को वार्षिक परीक्षा सञ्चालन सम्बन्धी पूर्व तयारीका सम्पूर्ण कार्यहरू सम्पन्न भै बोर्डको केन्द्रीय कार्यालयबाट मिति २०८३/०१/११ मा विज्ञप्ति प्रकाशन भैसकेको व्यहोरा अनुरोध छ । यस शाखा कार्यालय हेटौडा अन्तरगत रहेका पाँच जिल्लाका (चितवन,मकवानपुर, बारा, पर्सा र रौतहट) कूल १२४ तोकिएका परीक्षा केन्द्रबाट नियमिततर्फ ३१७८४ र आंशिकतर्फ ९०२० गरी ४०८०४ परीक्षार्थीहरू परीक्षामा सहभागी हुँदै हुनुहुन्छ । कक्षा १२ को वार्षिक परीक्षा माध्यमिक तहको अन्त्यमा सञ्चालन हुने र अन्तर्राष्ट्रिय मान्यतामा समेत स्तर कायम गर्नुपर्ने हुँदा यस परीक्षाको व्यवस्थापन र सञ्चालनमा स्वच्छता, मर्यादा र अनुशासन कायम हुनुपर्ने विषयमा कुनै दुईमत छैन् । विशेष गरी परीक्षाको प्रश्नपत्र लगायत अन्य कार्यमा विद्युत आपुर्ति र इन्टरनेट सेवाको प्रभावकारी व्यवस्थापन र बैकल्पिक स्रोतको व्यवस्था आवश्यक पर्दछ । परीक्षा केन्द्रमा केन्द्राध्यक्ष बाहेक खटिने जनशक्ति र परीक्षार्थीले मोबाइल फोन, स्मार्ट घडी र इलेक्ट्रिकल सामग्री लैजान प्रतिवन्ध गरिएको छ यदि त्यस्ता प्रकारका सामग्री फेला परेमा जफत गरी नष्ट हुने समेत जानकारी गराइन्छ । परीक्षाको गोप्य सामग्रीको व्यवस्थापनमा गोपनियता, मर्यादा, संवेदनशीलता र विश्वसनीयता कायम गर्न गराउन सम्बन्धित केन्द्राध्यक्ष सहित पदाधिकारीमा परीक्षा समन्वय समितिले निर्देशन गरिसकेको छ र यसका लागि सुरक्षा निकायबाट यथोचित सुरक्षाको वातावरण समेत मिलाइ सकिएको छ । परीक्षालाई मर्यादित बनाई भय रहित तरिकाले परीक्षार्थीले परीक्षा दिने वातावरण मिलाउन सम्बन्धित सरोकारवाला अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षाप्रेमी, स्थानीय सरकार, नागरिक समाज, राजनीतिक दल, सञ्चार जगत सहित सबैमा हार्दिक अपील गर्दछौं ।

मिति २०८३ वैशाख १३

१/१३

कार्यालय प्रमुख

फोन नं. ०५७-५२४६०२, ०५७-५२६०२९ ई-मेल : hseb_htd@hotmail.com Website : hetauda. neb.gov.np